# धनपालथान गाँउपालिकाको बिनियोजन बिधयेक :- २०७४

# धनपालथान गाउँपालिका

## धनपालथान गाउँपालिकाको विनियोजन विधेयक, २०७४

कार्यपालिकाबाट स्वीकृत मितिः –

धनपालथान गाउँपालिका

मोरङ्ग

प्रदेश नं. एक

# धनपालथान विनियोजन विधेयक, २०७४

**धनपालथान गाउँपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

प्रस्तावना

धनपालथान गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम धनपालथान गाउँ सभाले यो ऐन बनाएको छ।

१ **संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम " धनपालथान गाउँपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२ **आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३२,४१,१४,४७३ (अक्षेरुपी बत्तिस करोड एकचालिस लाख चौध हजार चार सय तिहत्तर रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संघ, प्रदेश स्थानीय तह र कुनै सरकारी तथा गैरसरकारी कार्यालयहरुबाट कार्यक्रम, आयोजना वा कुनै कार्य गर्नको लागि कुनै अख्तियारी, बजेट वा रकम हस्तान्तरण वा प्राप्त भएमा गाँउ कार्यपालिकाले निर्णय गरे अनुसार खर्च गर्न सकिने छ।

(३) उपदफा (१) र (२) अनुसार प्राप्त हुन आएको जम्मा अख्तियारी, बजेट वा रकम बाट चालु, पूँजिगत र थप प्राप्त अख्तियारी वा बजेट रकम आवश्यकता अनुसार कार्यकारी अधिकृतले कार्यालय संचालन गर्न केही चालु खर्च वडा कार्यालयहरुलाई र कार्यक्रम वा आयोजनाहरु (वार्षिक स्वीकृत कार्यक्रम) सम्पन्न गर्न केहि बजेट वा रकम वडा समितिको कार्यालय तथा विशषगत शाखालाई अख्तियारी दिन सक्ने छ। वडा कार्यालय र विषयगत शाखाले प्राप्त अख्तियारी प्रचलित ऐन नियम, गाँउकार्यपालिकाको निर्णय, कार्यकारी अधिकृतको निर्देशन अनुसार समयमा कार्य समपन्न गर्नु पर्नेछ त्यसरी समपन्न गर्न नसकेमा अख्तियारी फिर्ता लिन सक्नेछ। साथै प्रदान गरिएको अख्तियारीको आर्थिक तथा वित्तिय जिम्मेवारी र जवाफदेहिता अख्तियारी प्राप्त गर्ने कर्मचारी, वडा समितिको कार्यालय र विषयगत शाखाको हुनेछ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त धनपालथान गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले **वार्षिक स्वीकृत कार्यक्रमको शीर्षकहरु मध्ये** बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ कार्यपालिकाले निर्णय गर्नु पर्ने छ। सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकमको चालु पूँजिगत र थप प्राप्त अख्तियारी वा बजेट रकम आवश्यकता अनुसार कार्यकारी अधिकृतले कार्यालय संचालन गर्न केही चालु खर्च वडा कार्यालयहरुलाई र कार्यक्रम वा आयोजनाहरु (वार्षिक स्वीकृत कार्यक्रमको शीर्षक) सम्पन्न गर्न केहि बजेट वा रकम वडा कार्यालय तथा विशषगत शाखालाई अख्तियारी दिन सक्ने छ । वडा कार्यालय र विषयगत शाखाले प्राप्त अख्तियारी प्रचलित ऐन नियम गाँउकार्यपालिकाको निर्णय, कार्यकारी अधिकृतको निर्देशन अनुसार समयमा कार्य समपन्न गर्नु पर्नेछ त्यसरी समपन्न गर्न नसकेमा अख्तियारी वा बजेट फिर्ता लिन सक्नेछ । साथै प्रदान गरिएको अख्तियारीको आर्थिक साथै प्रदान गरिएको अख्तियारीको आर्थिक तथा वित्तिय जिम्मेवारी र जवाफदेहिता अख्तियारी प्राप्त गर्ने कर्मचारी, वडा समितिको कार्यालय र विषयगत शाखाको हुनेछ ।

रु. हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | १३०७६० | १३५५८४ | १००० | २६७२४४ |
| २ | | वडा समिति | ० | ५६००० | ० | ५६०० |
| जम्मा | | | १३०७६० | १९१५८४ | १००० | ३२३३४४ |